"कृषि पर्यटन र पूर्वाधारः कपुरकोट गाउँपालिकाको विकासको आधार"

आर्थिक बर्ष २०८२/०८३ को
वार्षिक वजेट,योजना तथा कार्यक्रमको
एकीकृत प्रस्ताव

कपुरकोट गाउँपालिका
कपुरकोट, सल्यान
कर्णाली प्रदेश
२०८२/०३/१०

कपुरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कपुरकोट सल्यान ।

कपुरकोट गाउँपालिकाको सत्रौं गाउँसभाको दोस्रो बैठकमा गाउँपालिका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक श्री प्रकाश भरारीले मिति २०८२ असार १० गते पेश गर्नुभएको

वार्षिक वजेट,योजना तथा कार्यक्रमको एकीकृत प्रस्ताव

कपुरकोट गाउँपालिका
कपुरकोट, सल्यान
कर्णाली प्रदेश
२०८२/०३/१०

कपुरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कपुरकोट सल्यान ।

कपुरकोट गाउँपालिकाको सत्रौं गाउँसभाका सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु,

सभाका सचीवज्यू,

सम्पुर्ण राष्ट्र सेवक कर्मचारी,

र सामाजिक सञ्जालको प्रतक्ष्य प्रशारण मार्फत जोडिनु भएका विभिन्न राजनितिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु, समाजसेवी तथा वुद्विजीवीहरु, पत्रकार, सुरक्षाकर्मी, स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण न्यायप्रेमी कपुरकोट वासी आमावुवा, दाजुभाई तथा दिदिवहिनिहरुः

खण्ड (क)- विषय सन्दर्भ

(१) नेपाल र नेपालीको स्वतन्त्रता, सार्वभौमिक अधिकार, स्वाधिनता, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसाथ गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, सामाजिक न्याय सहितको विकास र समृद्धिको आकांक्षा पूरा गर्ने मूल लक्ष्य नेपालको संविधानको रहेको छ । नेपालको संविधानले सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा सञ्चालित तीन तहको सरकारको व्यवस्था गरेको छ । नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधिनमा रही सवै स्थानीय सरकारहरुले आफ्नो आफ्नो वित्तीय अधिकारको समेत प्रयोग गरिरहेका छौं ।सोहि संवैधानिक अधिकार वमोजिम आज म स्थानीय सरकारको तर्फबाट यो गरिमामय सत्रौं गाँउसभाको दोस्रो वैठकमा आर्थिक वर्ष २०८२/०८३ को आय व्ययको विवरण, योजना तथा कार्यक्रमको प्रस्ताव, आर्थिक विधेयक र विनियोजन विधेयक सहितको वार्षिक वजेट, योजना तथा कार्यक्रमको एकीकृत प्रस्ताव प्रस्तुत गर्न पाउँदा निकै हर्षित र गौरवान्वित भएको छु ।

(२) राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, सशस्त्र संघर्ष, त्याग र वलिदानीको परिणाम स्वरुप असल शासनको अभ्यास गर्न पाएका छौं । यो स्वर्णीम उपलव्धिका लागि आफ्नो ज्यान उत्सर्ग गर्ने समस्त सहिदहरु प्रति उच्च सम्मानभाव सहित श्रद्धाञ्जली अर्पण गर्दछु साथै जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु, शहिद परिवार, वेपत्ता पारिएका व्यक्ति र उत्पिडित नागरिकहरुमा उच्च सम्मानका साथ हार्दिक कृतज्ञता प्रकट गर्न चाहान्छु ।

(३) संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अन्तर्गतको दोस्रो स्थानीय तह निर्वाचनवाट कपुरकोटबासी जनताको अमूल्य मतले निर्वाचित भइ स्थानीय सुशासन र विकासको अभिभारा बोकेर आएका हामीले स्थानीय शासन सम्वन्धी अभ्यासको तीन बर्षको सुनौलो अनुभव हाँसिल गरिसकेका छौ भने जनताका पीर मर्का सुख दुख र समस्याहरुसँग सँगसँगै हालेमालो गरि अगाडी बढिरहेका पनि छौं ।

(४) उपलव्ध स्रोत साधनको न्यायोचित र महत्तम परिचालन गर्दै स्थानीय आवश्यकता र मागको संवोधन गर्ने, सहभागितामूलक शासन पद्धति मार्फत स्थानीय नेतृत्व विकास गर्ने, विद्यमान सामाजिक आर्थिक

सास्कृतिक र पर्यावरणीय लगायतका बहुआयामिक विविधताको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने साथै समानुपातिक र समावेशी सामाजिक विकास मार्फत सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्ने दिशामा हामी सवै सदैव उद्धत नै छौं ।

(५) विगतको सत्प्रयास र सोवाट सिर्जित नतिजाले पूर्ण सन्तुष्ट हुन नसके पनि सकारात्मकता तर्फ उन्मुख नतिजाले हामी पक्कै पनि हर्षित नै छौं । स्थानीय अर्थतन्त्रको आत्मनिर्भरताको अभावका कारणले हामीले प्रतिवद्धता गरे अनुरुपका कार्यक्रमहरु एकै साथ सञ्चालन गर्न नसकेको अवस्था स्वाभाविक र यथार्थ नै हो ।आन्तरिक राजस्वको न्यूनता र अन्तरसरकारी वित्तमा निर्भर स्थानीय अर्थतन्त्रका कारण हामी संकुचन हुनु परेको सत्य नै हो । त्यसका वावजुद उपलव्ध सिमीत वित्तीय स्रोतको मितव्ययी र लाभदायी परिचालन मार्फत अधिकतम उपलव्धी हासिल गर्नेमा हाम्रो ध्यान केन्द्रित रहेको छ ।

खण्ड (ख)-चालु आ.व.को वजेट खर्चको समीक्षा

सभाध्यक्ष महोदय, अव म चालु आ.व. २०८१।०८२ मा विनियोजित बार्षिक वजेटबाट हालसम्म भएको खर्च तथा सोको प्रगति सहितको आर्थिक अवस्थाको समिक्षात्मक संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छुः

चालु आ.व. २०८१।०८२ का लागि रु ३९ करोड ६३ लाख ८६ हजार रुपैया वरावरको आय-व्ययको सुरु अनुमान (सामाजिक सुरक्षा वाहेक) सहित बार्षिक बजेट तथा कार्यक्रम पारित गरी लागु गरेका थियौ। मिति २०८१ असार ९ गते सम्म उक्त अनुमानित आय मध्ये रु ३३ करोड ४९ लाख ७६ हजार २५३।४६ पैसा अर्थात कूल अनुमानको ८३।९४ प्रतिशत मात्र वास्तविक आय भएको छ । जस मध्ये रु २३ करोड ७० लाख ५३ हजार ४०९।४० पैसा अर्थात कूल बास्तविक आम्दानीको ७०.७६ प्रतिशत खर्च प्रगती भैसकेको छ ।सुरु अनुमानको तुलनामा उक्त अनुपान ६० प्रतिशत मात्र हुन आउछ। कूल खर्चमध्ये चालुतर्फ रु १८ करोड २१ लाख २६ हजार ४७३।४० अर्थात कुल विनियोजनको ६७.५५ प्रतिशत र पूँजिगत तर्फ रु ५ करोड ४९ लाख २६ हजार ९३६ अर्थात कूल विनियोजनको ४३.३३ प्रतिशत खर्च भएको छ । चालु आ.व. को जेष्ठ मसान्त सम्ममा संघीय समानिकरण अनुदान वापत प्राप्त हुनुपर्ने रु ७४ लाख ७० हजार रुपैया त्यसैगरी राजस्व वाँडफाँड वापत प्राप्त हुनु पर्ने रकम रु १ करोड ८५ लाख ७५ हजार ९५४ रुपैया गरी कूल रु २ करोड ६० लाख ४५ हजार ९५४ रुपैया रकम अझै प्राप्त हुन सकेको छैन।आन्तरिक राजस्व तर्फ समेत वैंक नगद मौज्दात समेत गरी रु.२ करोड ५३ लाख ७७ हजार २१९ रुपैया अनुमान गरिएकोमा हालसम्म रु.१ करोड १५ लाख ३१ हजार ३२४ प्राप्त हुन वाँकि नै रहेको देखिन्छ।यसरी चालु आर्थिक वर्षको अन्त्य सम्ममा करिव ३ करोड ७५ लाख रुपैया आय कम हुने देखिएवाट चालु आ.व.मा सिर्जित वित्तिय दायित्व आगामी आर्थिक वर्ष २०८२/०८३ मा स्थानान्तरण भई कम्तिमा २ करोड ५० लाख रुपैया वरावरको वित्तिय व्यय भार थप हुने देखिन्छ।

जसवाट आगामी आर्थिक वर्षको वजेट विनियोजनमा वित्तीय चाँप परी नयाँ योजना तथा कार्यक्रममा संकूचन देखा पर्ने प्रष्ट नै छ।

सभाध्यक्ष महोदय चालु आ.व. को हाल सम्ममा विषय क्षेत्रगत रुपमा **आर्थिक विकासतर्फ** विनियोजित बजेटको ६६।३४ प्रतिशत **सामाजिक विकास तर्फ** प्रतिशत विनियोजित बजेटको ६०.१२ प्रतिशत **पूर्वाधार विकासतर्फ** विनियोजित बजेटको ४१।४३ प्रतिशत **सेवा प्रवाह र सुशासन तर्फ** विनियोजित बजेटको ५७।७५ प्रतिशत र **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ** विनियोजित कूल बजेटको ७३।११ प्रतिशत रकम खर्च भैसकेको अवस्था छ ।

सभाध्यक्ष महोदय, चालु आ.व.मा स्वीकृत विकास योजना तर्फ सवै योजनाहरुको निर्माण संझौता भई कार्यसम्पन्नको चरणमा रहेकोले पुँजिगत तर्फ वित्तिय प्रगती कम देखिएतापनि चालु आ.व.को भुक्तानी अवधिभित्र सवै योजनाहरुको कार्यसम्पन्न हुने र त्यस्तो वित्तिय प्रगति कम्तिमा ८० प्रतिशत पुग्ने निश्चित प्राय नै छ।

खण्ड(ग)-आ.व. २०८२/०८३ को नीती, बजेट तथा कार्यक्रम

उपर्युक्त पृष्ठभूमी र सन्दर्भमा सहभागितामूलक प्रणालीलाइ पूर्णत: अवलम्वन गर्दै सामाजिक न्याय र समतामूलक सिद्धान्तको आधारमा उपलव्ध सिमित श्रोत साधानको न्यायपूर्ण वितरण गर्ने लक्ष्य सहित आ.व. २०८२/०८३ को आय व्यय अनुमान सहितको बजेट तथा कार्यक्रम तयार पारिएको छ ।

सभाध्यक्ष महोदय, अब म आ.व. २०८२/०८३ को वजेट तर्जुमाका आधारहरु प्रस्तुत गर्न चाहान्छु।

सामाजिक न्याय सहितको समतामूलक समाज सिर्जना गर्ने अभिष्ट वोकेको नेपालको संविधानले अगिंकार गरेको राज्यको नीति निर्देशक सिद्धान्त , मौलिक हकाधिकार, समावेशीकरण, सशक्तिकरण, मूलप्रवाहीकरण, दिगो तथा समानूपातिक र समावेशी विकास, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, आधारभूत शिक्षा, स्वास्थ्य र खानेपानीमा आम नागरिकको पहुँच जस्ता विषयहरु बजेट तर्जुमाका आधारको रुपमा रहेका छन्। उल्लेखित शासकीय तत्वहरुलाई आत्मसाथ गर्ने नीतिगत तथा कानूनी आधारहरु यस प्रकार रहेका छन्।

क) नेपालको संविधान,
ख) स्थानीय सरकार सञ्चालन ऐन,२०७४
ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
ङ) संघीय र कर्णाली प्रदेश सरकारद्वारा जारी गरिएका नीति, कानून र मापदण्डहरु
च) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८
छ) नेपालले अंगिकार गरेका दिगो विकासका लक्ष्यहरु,
ज) नेपालको सोह्रौ पञ्चवर्षिय योजना,
झ) कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षिय योजना,

ञ) कपुरकोट गाउँपालिकाको आवधिक योजना,

ट) गाउँपालिकाको मध्यमकालीन खर्च संरचना,

ठ) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

सभाध्यक्षज्यू अब म आ.व. २०८२/०८३ को बजेटका प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमती चाहन्छुः

आ.ब.२०८२/०८३ का प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम रहेका छन्:

१. विपन्न नागरिक सहायताका लागि सुरक्षित आवासको प्रत्याभूती,
२. वाल न्याय र वालमैत्री स्थानीय तह प्रवर्द्धन,
३. सामुदायिक विद्यालयको सवलीकरण र शैक्षिक उन्नयन,
४. गाउँपालिकाको संस्थागत सुदृढीकरण र संस्थागत सुशासन,
५. कृषि तथा पशुपालन क्षेत्र मार्फत आर्थिक सशक्तिकरण,
६. आधारभूत खानेपानी तथा सरसफाईमा आम नागरिकको पहुँच सुनिश्चितता,
७. गुणस्तरीय र भरपर्दो पूर्वाधार विकास,
८. महिला उद्यमी सिर्जना,
९. अधिकतम् जनसहभागिता र जनशक्ति परिचालन,
१०. वातावरण संरक्षण, सरसफाई र स्वच्छता तथा विपद व्यवस्थापन।

सभाध्यक्ष महोदय अब म आ व २०८२।०८३ को बजेटका उद्धेश्यहरु प्रस्तुत गर्ने अनुमती चाहन्छुः

१. विपन्न नागरिकका लागि सामाजिक संरक्षण र सुरक्षा प्रदान गर्ने,
२. वालमैत्री स्थानीय शासनका सूचकहरु अवलम्वन गर्नु,
३. संस्थागत सक्षमताको सुदृढीकरण गर्दै सार्वजनिक सेवामा गुणात्मक परिवर्तन ल्याउनु,
४. कृषि तथा पशुपालन क्षेत्रलाई कपुरकोट गाउँपालिकाको दिगो आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्नु,
५. प्राङ्गारिक कृषि प्रणालीको विकास र विस्तार गर्नु,
६. अपाङ्गमैत्री तथा विपद् संवेशनशील भौतिक पूर्वाधारहरुको विकास र स्तरोन्नती गर्नु,
७. सामाजिक, आर्थिक, लैंङ्गीक, धार्मिक, साँस्कृतिक असमानताको अन्त्य गर्दै समतामूलक र सामाजिक न्याय सहितको उन्नत समाजको निर्माण गर्नु,
८. महिला लक्षित लामो तथा छोटो अवधिका व्यवसायीक तथा सीपमुलक तालिमका माध्यमबाट सीपयुक्त जनशक्ति उत्पादन गरी उद्यमशिलताको विकास गर्नु,
९. आधारभूत मानवअधिकारको संरक्षण र सम्वर्धन गर्दै शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी लगायत जनताको आधारभूत सेवामाथिको पहुँच सुनिश्चित गर्ने,
१०. सूचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण मार्फत सुशासन प्रवर्धन गर्नु,

कपुरकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कपुरकोट सल्यान।

११. जलवायू अनुकुलन र वातावरणमैत्री प्रविधिको विकास गरी वातावरणीय सन्तुलन कायम गर्ने तथा विपदजन्य जोखिमको न्यूनिकरण गर्नु ।

सभाध्यक्ष महोदय, अव म आ.व. २०८२।०८३ को वार्षिक वजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छुः

आ.व.२०८२।०८३ मा सुरु आय अनुमान कूल **रु. ४२ करोड ६८ लाख ८८ हजार रुपैया** रहेको छ ।संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने राजस्व वाँडफाँट वापतको रकम र अन्तर सरकारी वित्तीय हस्तानतरण वापतको रकमका साथै राजस्व परामर्श समितिद्वारा प्रक्षेपित आन्तरिक राजस्व समेतका आधारमा उल्लिखित आय अनुमान गरिएको हो। कूल आय अनुमानको स्रोत देहाय वमोजिम प्रक्षेपण गरिएको छ।

सि.नं.	स्रोत	रकम (रु हजारमा)
१	नेपाल सरकार समानीकरण अनुदान	८,५१,००
२	नेपाल सरकार शसर्त अनुदान	१५,८१,००
३	नेपाल सरकार विशेष अनुदान	६९,००
४	नेपाल सरकार समपूरक अनुदान	६८,००
५	राजस्व वाँडफाँट संघीय सरकार	८१,९१८.९७३
६	कर्णाली प्रदेश सरकार समानीकरण अनुदान	१०,४२८
७	शसर्त अनुदान कर्णाली प्रदेश सरकार	१४,८८४
८	समपुरक अनुदान कर्णाली प्रदेश सरकार	१०,०००
९	प्रदेश सरकार विशेष अनुदान	१०,०००
९	कर्णाली प्रदेश सरकारवाट वाँडफाँड भई प्राप्त हुने (सवारी साधान कर,वन रोयल्टी, घरजग्गा रजिष्ट्रेशन दस्तुर)	२७,१६
१०	आन्तरिक राजस्व आम्दानी	११९४७.९००
११	बैंक नगद मौज्दात	२८०९३.१२७
	कूल अनुमानित आय	**४२,६८,८८**

(१) सन्तुलित वजेटको सिद्धान्त अनुसार अनुमानित आय **रु. ४२ करोड ६८ लाख ८८ हजार रुपैया** रहेकोमा सोही वरावरको व्यय हुने गरी व्यय अनुमान गरिएको छ । जसमध्ये २७ करोड ७५ लाख ३४ हजार रुपैया चालु खर्च तर्फका कार्यक्रमको लागि विनियोजन गरिएको छ भने पूँजीगततर्फ १४ करोड ९३ लाख ५४ हजार रुपैया विनियोजन गरिएको छ। यसरी कुल व्यय अनुमान चालु खर्च र पूँजीगत खर्चको अनुपात क्रमशः ६५ % र ३५% रहेको छ । क्षेत्रगत विकासका दृष्टिकोणले हेर्दा विनियोजित रकम मध्ये क्षेत्रगत व्यय अनुमान देहाय वमोजिम रहेको छ ।

- **आर्थिक विकास तर्फः** कृषि क्षेत्रको विकास विस्तार व्यवसायिकरण तथा आधुनिकिकरण, उद्योग तथा वाणिज्य क्षेत्रको विकास र विस्तार, पर्यटन प्रवर्धन, सहकारी र वित्तिय क्षेत्रको विकास र विस्तार जलस्रोत तथा सिंचाई विस्तार वन वातावरण तथा जलवायू सन्तुन कायम राखि आर्थिक विकासका सूचकहरु मजवुत बनाउन संघीय सरकार र प्रदेश सरकारबाट सशर्त अनुदान मार्फत हस्तान्तरित कार्यक्रम बाहेक गाउँपालिकाबाट रु १ करोड ७४ लाख ७० हजार रुपैया रकम विनियोजन गरिएको छ ।
- **सामाजिक विकास तर्फः** शिक्षा क्षेत्रको गुणस्तर अभिबृद्धि, आधारभूत स्वास्थ्य सेवाको पहुँचमा विस्तार, स्वच्छ खानेपानीको सुनिश्चितता तथा सरसफाई, संस्कृति प्रर्वद्वन, खेलकूद तथा मनोरञ्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सामाजिक सुरक्षा तथा संरक्षण यूवाशक्तिको परिचालन समग्र विकास र विस्तारको लागि रु २३ करोड २८ लाख ३९ हजार रकम विनियोजन गरिएको छ ।
- **पूर्वाधार विकास तर्फः** स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत) र संचार क्षेत्रको समग्र विकास र विस्तारको लागि रु. ८ करोड २३ लाख १३ हजार रुपैया रकम विनियोजन गरिएको छ ।
- **वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः** वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तत, फोहर मैला तथा ढल व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन र वारुण यन्त्र सञ्चालन आदि कार्यको लागि रु २६ लाख रुपैया रकम विनियोजन गरिएको छ ।
- **संस्थागत विकास सेवा प्रवाह र सुशासन तर्फः** सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रर्वद्वन, अनुसन्धान तथा विकास श्रम तथा रोजगारी मानव संसाधन विकास सुशासन तथा अन्य अन्तरसम्वन्धित विषयहरुमा काम गर्नका लागि रु ९ करोड ७ लाख रकम विनियोजन गरिएको छ ।

(२) आ.व. २०८२/०८३ को अनुमानित आय व्ययको पूर्ण विवरण विनियोजन विधेयक, २०८२ को अभिन्न अंगको रुपमा प्रस्तुत एकीकृत प्रस्तावको अनुसूची- १ मा समावेश गरिएको छ।

(३) विपन्न नागरिक लक्षित सामाजिक संरक्षण र सुरक्षाको कार्यक्रमलाई मूल प्राथमिकतामा राखि वजेट विनियोजन गरिएको छ। प्रत्येक वडावाट न्यूनतम् रु ३ लाख सुरक्षित नागरिक आवास कार्यक्रममा विनियोजन गर्नु पर्ने गरी वजेट मार्गदर्शन गरिए वमोजिम सो कार्यक्रमका लागि कूल रु. ५० लाख विनियोजन गरिएको छ।जसवाट गरिव विपन्न र असहाय लक्षित १०० घरको फुस वा खरको छानालाई सुरक्षित जस्तापाताले विस्थान गरिने छ।लाभग्राही घरहरुको छनौट सम्वन्धी कार्यलाई निष्पक्ष र लक्षित वर्ग मैत्री वनाइनेछ।

(४) कपुरकोट गाउँपालिकालाई २०८३ फाल्गुन मसान्त सम्म वालमैत्री शासनयुक्त स्थानीय तह घोषणा गर्ने महा अभियानका लागि सूचक केन्द्रित गरी रु. ३० लाख वजेट विनियोजन गरिएको छ।जसवाट वालमैत्री नीति, संरचना, कार्य प्रक्रिया र व्यवहारमा आमूल रुपान्तरण हुने विश्वास लिइएको छ।

(५) सवै सामुदायिक विद्यालयमा प्रविधिमैत्री तुल्याउन प्रविधिको पहुँचमा नपुगेका सवै सामुदायिक विद्यालयमा ल्यापटप, प्रिन्टर र इन्टरनेटको उपलव्धता सुनिश्चित हुने गरी आवश्यक वजेट विनियोजन गरिएको छ।

(६) शिक्षा क्षेत्रको सुदृढीकरणका लागि विद्यालय पूर्वाधार निर्माण, प्रविधि जडान, शैक्षिक जनशक्तिको उत्प्रेरणा र मनोवल उच्च राख्न क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरिएको छ । नमूना वालविकास केन्द्रको स्थानाको लागि छुट्टै रु. ५ लाख वजेट विनियोजन गरिएको छ।

(७) सर्वसाधारणको आधारभूत स्वास्थ्य सेवाप्रतिको सहज पहुँच बृद्धि गर्न तथा नेपाल सरकारले निःशुल्क वितरण गर्ने औषधिहरुलाई पालिकामार्फत समेत निशुल्क उपलव्ध गराउने उद्धेश्यका साथ गाउँपालिकावाट समेत थप रु. २० लाख रकम विनियोजन गरिएको छ।

(८) श्रोत अनुमान तथा बजेट निर्धारण समितिले मार्गदर्शन गरी गाउँकार्यपालिकाले निर्णय गरे अनुसार बजेटलाइ लैंगिक उत्तरदायी बनाउने प्रयास गरिएको छ। सशर्त र विनियोजित गरी कूल ५०९ योजना तथा कार्यक्रम मध्ये १२५ वटा क्रियाकलापहरु प्रतक्ष्य लैङ्गिक उत्तरदायी, १६४ वटा क्रियाकलापहरु अप्रत्यक्ष उत्तरदायी र २२० वटा तटस्थ रहेका छन्।लैङ्गिक उत्तरदायि वजेट कोडिङको दृष्टिकोणवाट प्रस्तुत वजेट ५९ प्रतिशत लैङ्गिक उत्तरदायि वजेट निर्माण गरिएको छ।

(९) वित्तीय क्षेत्र सुधार, वित्तीय जोखिम न्युनीकरण, राजश्व परिचालन, कर संकलन, अभिलेख व्यवस्थापन, लेखा परिक्षण, वेरुजु समपरीक्षण लगायत व्यवस्थापकीय कार्यलाई संस्थागत सुदृढिकरण र संस्थागत सुशासनको आधारभूत मानकको रुपमा विकास गर्ने गरी वजेट विनियोजन गरिएको छ।

(१०) विपदवाट प्रभावित व्यक्ति र परिवारलाई आर्थिक सहायत उपलव्ध गराउन विपद् व्यवस्थापन कोष मार्फत खर्च व्यवस्थापन गर्न रु.१५ लाख वजेट विनियोजन गरिएको छ ।

(११) असिमित आवश्यकताहरुलाई सीमित श्रोत साधनबाट एकै पटक संवोधन गर्न नसकिनु स्वाभाविकै हो । आगामी आ.व. २०८२।०८३ मा १५ शैयाको आधारभूत अस्पताल सञ्चालनका लागि रु. ५० लाख विनियोजन गरिएको, चालु आ.व.मा अपेक्षा अनुसार आन्तरिक राजस्व प्राप्त नहुनु साथै संघ सरकार र प्रदेश सरकारवाट सुरु प्रतिवद्धता अनुसारको वित्तिय सहायताको रकम प्राप्त नभएको, क्रमागत आयोजनाको लागि करिव रु. ४० लाख विनियोजन गरिएको र चालु आ.व.मा कार्य सम्पन्न भई वजेट अभावका कारण भुक्तानी हुन नसकी आगामी आ.व. मा स्थानान्तरण हुने अनुमानित वित्तिय दायित्वका लागि न्यूनतम् पनि रु. २ करोड रकम विनियोजन गर्नु परेको कारण स्वाभाविक वित्तीय चाँप परेको हो। सवै घोषित नीति तथा कार्यक्रमहरुलाई बजेट अभावका कारण एकमुष्ठ रुपमा संवोधन गर्न नसकेतापनि नीति तथा कार्यक्रममा उध्घोष गरिएका विषयहरुलाई आगामी वर्षहरुमा वजेटको सुनिश्चिता गर्दै क्रमशः कार्यान्वय गर्दै लगिनेछ।

(१२) घोषित सवै योजना तथा कार्यक्रमहरुको श्रावण महिनामै वार्षिक कार्ययोजना र खरिद गुरुयोजना तथा खरिद योजना तयार गरी उपयुक्त खरिद विधि तय गरी कार्यान्वयन गरिने छ।सानातिना खरिद

र निर्माण सम्वन्धी योजना तथा कार्यक्रमहरुको हकमा कानून वमोजिम प्याकेजिङ गरी ठेक्का वन्दोवस्ति मार्फत खरिद प्रक्रियालाई पूर्णतः प्रतिष्पर्धी वनाउदै लगिनेछ।

(१३) कर तथा राजस्व तर्फ समेत करदातामैत्री कर प्रशासन सञ्चालन गर्ने नीति अनुरुप नागरिकता प्रतिलिपी सिफारिस दस्तुरमा ५० प्रतिशत कमि गरिएको, एकाघरको परिवारको सदस्यले सामाजिक सुरक्षाको रकम बुझिलिने सिफारिस दस्तुरलाई शुन्य कायम गरिएको छ। त्यसै गरी नेपालीमा नाता प्रमाणित सिफारिस दस्तुरमा समेत ५० प्रतिशत कमि गरिएको छ।करको दायरा फराकीलो गराउने नीति अनुरुप बहाल विटौरी र घर अभिलेखीकरण दस्तुरलाई समेत आगामी आ.व. देखी अनिवार्य कार्यान्वयन गर्ने गरी कानूनी प्रवन्ध गरिएको छ। आय ठेक्का तर्फ आगामी आ.व. देखीनै कवाडीको आय ठेक्काको वन्दोवस्त गरी व्यवस्थि गर्ने गरी कार्य थालनी गरिने छ।

(१४) जनस्तरवाट माग भएका उल्लिखित योजना तथा कार्यक्रमहरुलाई राजस्वको सहि प्रयोग हुने गरी मितव्ययी र पारदर्शी रुपमा कार्यान्वयन गरिनेछ । यसमा सवै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरु, आम लाभग्राही र उपभोक्ताहरुका साथै अन्य सरोकारवालाहरुको इमान्दार प्रयत्नको जरुरी पर्दछ । उजाशील र सुस्पष्ट लक्षधारी जनप्रतिनिधि र क्षमतावान तथा अनुभवी राष्ट्रसेवक कर्मचारीहरुको सामूहिक प्रयत्नवाट यो लक्ष्य पक्कै पनि हाँसिल हुनेनैछ ।

(१५) अन्त्यमाः आ.व. २०८२।०८३ को वार्षिक बजेट, योजना तथा कार्यक्रम निर्माण प्रकृयामा अहम भूमिका निर्वाह गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, विभिन्न विषयगत समितिका पदाधिकारीज्यूहरु, सवै शाखाका शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरु र सवै सरोकारवालाहरु धन्यबादका पात्र हुनुहुन्छ । सम्पूर्णमा अन्तस्करणवाटनै हार्दिक आभार तथा धन्यवाद प्रकट गर्न चाहन्छु।

खण्ड (घ)-आ.व. २०८२/०८३ को प्रस्तावित विनियोजन विधेयक, २०८२

सभाध्यक्ष महोदय, अव म कपुरकोट गाउँपालिका, सल्यानको स्थानिय सञ्चितकोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको विनियोजन विधेयक, २०८२ यस सम्मानित सभामा पेश गर्न चाहन्छुः

प्रस्तावित विनियोजन विधेयक, २०८२

कपुरकोट गाउँपालिका, सल्यानको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

प्रस्तावना : कपुरकोट गाउँपालिका, सल्यान २०८२ /०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम कपुरकोट गाउँपालिका, सल्यानको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "कपुरकोट गाउँपालिका, सल्यानको विनियोजन ऐन," रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **४२ करोड ६८ लाख ८८ हजार रुपैया** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त कपुरकोट गाउँपालिका, सल्यानको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दाबढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

आय व्ययको पूर्ण विवरण यसै प्रस्तावको अनुसूची-१ मा विस्तृतिकरण गरिएको छ।

खण्ड (ङ)-आ.व. २०८२/०८३ को प्रस्तावित आर्थिक विधेयक, २०८२

सभाध्यक्ष महोदय, अव म आ.व. २०८२/०८३ को लागि कपुरकोट गाउँपालिकाले आफ्नो राजस्व अधिकारको व्यवस्थित गर्न र अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक विधेयक, २०८२ लाई यस सम्मानित सभामा पेश गर्ने अनुमती चाहान्छु।

कपुरकोट गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२

प्रस्तावनाः कपुरकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय राजस्वको व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (२) बमोजिम कपुरकोट गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम आर्थिक ऐन, २०८२ रहेको छ।

(२) यो ऐन, २०८२ साल श्रावण १ गतेदेखि कपुरकोट गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सेवा शुल्क दस्तुर तथा जरिवाना : गाउँ कार्यपालिकाबाट सेवा सुविधा पुर्याए वापत अनुसूची (१) बमोजिम सेवा शुल्क दस्तुर, महशुल तथा जरिवाना असुल उपर गरिनेछ ।

३. भूमिकर (मालपोत) तथा घर कर :गाउँपालिका क्षेत्र भित्र अनुसूची (२) बमोजिम भूमिकर (मालपोत) तथा घर कर लगाईने र असुल उपर गरिनेछ ।

४. घरजग्गा बहाल करः गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूंजीगत लगानी र आर्थिक कारोबारमा व्यवसायको प्रकृतिका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत बा मारिएका जीव जन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे बापत अनुसुची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. सवारी साधन करः गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनको हकमा गाउँ कार्यपालिकाले निर्णय गरी लागू गरे बमोजिम हुनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. बिज्ञापन करः गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापन कर अनुसूची (६) बमोजिम कर लगाइने र असुल उपरगरिनेछ ।

९. मनोरञ्जन करः गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा कर लगाउन आवश्यक निर्णय गरी कर लगाउन गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने, तर प्रदेश कानून विद्यमान भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

कपुरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कपुरकोट सल्यान ।

१०. **बहाल बिटौरी कर**ः गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा सन्चालन गरेको अनुसूची- (७) मा उल्लेख भए बमोजिम हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहान विटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **दहत्तर बहत्तर कर** : गाउँपालिका क्षेत्रभित्र तया पालिका क्षेत्रभित्र ढुंगा, गिटी, बालुवा एवम् उपयोग गरे बापत अनुसूची ११ (४) मा भएको व्यवस्था अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. **सवारी सेवा शुल्क, दस्तुर** :गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका सडकहरुमा सञ्चालन हुने सवारी साधनहरुमा अनुसूची (९) बमोजिम सवारी साधन सेवा शुल्क लगाई असून उपर गरिनेछ ।

१४. **घर नक्शा पास तथा अभिलेखीकरण दस्तुर**ःघर नक्सापास तथा अभिलेखीकरण दस्तुर अनुसूची (१०) बमोजिम लगाई असुल उपर गरिनेछ ।

१५. **फोहरमैला व्यवस्थापन तथा सरसफाई शुल्क** :फोहरमैला व्यवस्थापन तथा खानेपानीका अनुसूची (१२) बमोजिम लगाई असुलउपर गरिने छ ।

१६. **अन्य क्षेत्रगत सेवाशुल्क** : अन्य क्षेत्रगत विषयको शुल्क सम्बन्धमा कार्यविधि निर्माण भाएकोमा सोही कार्यविधि बमोजिम हुने तर कार्यविधि निर्माण नभएसम्म यसै ऐन बमोजिम हुनेछ।

१७. यस ऐनमा उल्लेख नभएका विषयमा पूँजी र प्रकृत्तिका आधारमा रु ५०० देखी रु ५०००० सम्म वा गाउँ कार्यपालिकावाट तोकिएको दररेटलाई कायम गरी असुल उपर गरिनेछ ।

१८. पहिलो पटक व्यवसाय, उद्योग, समूह, संघ-संस्था, क्लब आदि दर्ता गर्दा प्रत्येक दर्ता तथा प्रमाण पत्र शुल्क बापत एक पटक मात्र तोकिएको दर्ता शुल्क र सालवसाली आर्थिक ऐनमा उल्लेख भए वमोजिमको वार्षिक कर मात्र लाग्नेछ । व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि प्रदान गर्दा तोकिए वमोजिमको शुल्क असुल उपर गरिनेछ।

१९. **व्यवसाय नविकरणः** फर्म दर्ता नविकरण छुट्टै कानूनमा अन्यथा व्यवस्था भएकोमा वाहेक ५ वर्षमा गर्नु पर्नेछ। नविकरण दस्तुर सुरु दर्ता गर्दा लाग्ने शुल्क वमोजिम हुनेछ।

२०. **जरिवानाः** व्यवसाय, उद्योग, समूह, संघ-संस्था, क्लब आदि नविकरण हरेक आर्थिक वर्षको असोज मसान्त भित्र गरिसक्नुपर्ने छ। उक्त समयभित्र नविकरण नगरेमा नविकरण रकमको १० प्रतिशत जरिवाना गरिने छ। गत विगतका आ.व.मा नविकरण नगरेका व्यवसाय, उद्योग, समूह, संघ-संस्था, क्लव आदिको हकमा हालको आ.व.को नविकरण रकमका दरले वार्षिक हिसाव गणना गरी सोमा एकमुष्ट १५ प्रतिशत जरिवाना समेत गरिनेछ । विवाह गर्नुपुर्व सिफारिस नलिई विवाह गरेमा रु.२००० जरिवाना गरिनेछ । अव्यवस्थित सवारी पार्किङ गरेमा ठुला सवारी साधनको रु ५००,

साना साधनको रु २०० र ओभरलोड सामान ढुवानी गरेमा एक पटमा रु ५०० जरिवाना गरिनेछ ।

२१. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन। तर अपांगता भएका व्यक्ति, कुनै घटनाबाट पीडित वा कडा रोग लागेका र विपन्न व्यक्तिको लागि सिफारिस दस्तुर छुट दिन सकिनेछ। गाउँ कार्यपालिकाबाट लागू गरिएका करहरु त्यस पछि लगत्तै बस्ने गाउँसभाबाट अनुमोदन गर्नु पर्नेछ ।

२२. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि :यो ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाले यस ऐनसंग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्ने छ।

२३. ऐनको ब्याख्या तथा खारेजीः

क) यस ऐनमा उल्लेखित नभएका विषयको हकमा गाउँ कार्यपालिकाले करको दर व्याख्या गर्न सक्ने छ।
ख) गाउंपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानून वा अन्य ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछ ।
ग) आर्थिक ऐन, २०८१ खारेज गरिएको छ।

(आर्थिक विधेयक- २०८२ को अनुसूची सहितको पूर्ण विवरण यस प्रस्तावको अनुसूची-३ वमोजिम हुने)

(१) सभाध्यक्ष महोदय, सभाका सदस्यज्यूहरु आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तावित विनियोजन विधेयक, २०८२, प्रस्तावित वार्षिक विकास योजना,२०८२/०८३ र प्रस्ताविन आर्थिक विधेयक, २०८२ मैले कपुरकोट गाउँसभाको १७ औं अधविशनको दोस्रो वैठकको कार्यसूची अनुसार यस सम्मानित सभा समक्ष पेश गरि सकेको छु।पेश भएका प्रस्तावहरु यस सम्मानित सभावाट स्वीकृतिका लागि निर्णयार्थ प्रस्तुत गरियोस भन्ने प्रस्ताव सभाध्यक्ष महोदय समक्ष अनुरोध गर्दै पेश भएका प्रस्ताव उपर छलफलका क्रममा केही प्रश्न उठे सोको जवाफ दिने प्रतिवद्धता समेत व्यक्त गर्दै विदा हुन्छु।

धन्यवाद ।।।

जय कपुरकोट

(प्रकाश भरारी)
उपाध्यक्ष
कपुरकोट गाउँपालिका, सल्यान